# झापा जिल्ला अदालत

## सूचना

कोरोना भाइरस (कोभिड-१९) का कारण जारी भएको वन्दावन्दी (लकडाउन) को अवधिमा अदालतको काम कारवाही तथा सेवा प्रवाह सम्बन्धमा सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६/१२/७ लगायत विभिन्न मितिमा भएका निर्णयहरु तथा निर्देशन एंव परिपत्र बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन तथा बालसुधार गृहमा रहेका बालबालिका अभिभावकले जिम्मा लिने सम्बन्धी निवेदन उपर हुने कारवाही, पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जी समर्थन तथा अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोगपत्र दर्ता, बयान एंव थुनछेक आदेश गर्ने लगायतका काम कारवाही सुचारु भइरहेकोमा सर्वोच्च अदालतको च.नं १८९६ मिति २०७७/२/१६ को परिपत्र र यस झापा जिल्ला अदालतमा कोरोना भाइरसको प्रकोपको अवस्थालाई समेत मध्यनजर गरी मिति २०७७/२/२८ गतेदेखि देहाय बमोजिमका थप काम कारबाही एंव सेवाहरु सञ्चालन गर्ने व्यवस्था मिलाइएको हुँदा सम्बन्धित सरोकारवालाको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहाय</u>

१. कसूर ठहर भई सजाय निर्धारण हुन बाँकी रहेका मुद्दाहरुमा कार्यवोझलाई विचार गरी सजाय निर्धारण गर्ने ।

२. सुनुवाई प्रक्रिया लामो नहुने र सेवाग्राहीको भिडभाड कम हुने कार्यहरुः-
   - क. अदालतमा विचाराधिन मुद्दामा मिलापत्र गर्ने, गराउने,
   - ख. मुद्दा फिर्ता लिने अनुमति दिने,
   - ग. डिसमिस गर्ने र तामेलीमा राख्ने ,

३. मुद्दा पुर्पक्षका लागि बालसुधार गृहमा रहेका बालबालिकाको अंग पुगेका मुद्दा हेर्ने।

४. मुद्दा पुर्पक्षको लागि सबै प्रतिवादी थुनामा बसेका अंग पुगेका मुद्दा हेर्ने।

५. मुद्दा पुर्पक्षका लागि धरौटी माग भएका र धरौटी राख्न नसकी थुनामा बसेका ब्यक्तिको अंग पुगेका मुद्दा हेर्ने।

६. फौजदारी कार्यविधी संहिताको दफा ७३ बमोजिमका निवेदन हेर्ने।

७. अभियोगपत्रसाथ पेश भएका जफतको दावी नभएका जिन्सी वा दशीका सामान फिर्ता लिने निवेदन लिई कारवाही गर्ने ।

८. धरौटी फिर्ता पाउँ भन्ने निवेदन लिने र आवश्यक कारवाही गर्ने।

९. उपरोक्त बाहेक अदालतको भौतिक अवस्था, कार्यवोझ र व्यवस्थापकीय पक्षलाई विचार गरी सरोकारवालहरुसंग समन्वय गरी आवश्यक र उपयुक्त देखिएका थप कामकारवाहीहरु एंव उच्च अदालत विराटनगरका मा.मु.न्या. ज्यू तथा इलाम इजलासका मुख्य भई काम गर्ने मा.न्या.ज्यूसंगको समन्वय र निर्देशनमा अन्य आवश्यक काम गर्ने ।

उप-सचिव